## संसदमा युवा ...

यो क्षेत्रमा ३ दशकदेखि जिदै आएका आफ्ना राजनीतिक गुरु सर्वेन्द्रनाथ शुक्लाको जमानत जफत गरेर बनियाले आफ्नो संसद यात्रा तय गरेका हुन्। मर्चवार क्षेत्रमा व्यवसाय गर्दै आएका उनी अविवाहित हुन्।

त्यस्तै रूपन्देही-५ मा ३८ वर्षीय तौफिक अहमद खान ३८ हजार ८०६ मतसहित निर्वाचित भए। उनले एमालेका उम्मेदवार तथा राष्ट्रियसभाका पूर्व सदस्य खिमलाल भट्टराईलाई २५ हजार ७०६ मतान्तरले पराजित गरेका छन्। व्यसायिक पृष्ठभूमिका खान मुस्लिम युवामध्येबाट संसदीय राजनैतिक जिम्मेवारीमा आउने थोरैमध्ये परेका छन्।

**दाङमा पनि युवा प्रभाव**

दाङ जिल्लामा पनि युवा उम्मेदवारको प्रभाव देखिएको छ। यहाँका तीन निर्वाचन क्षेत्रमध्ये दुई क्षेत्रमा ४० वर्षमुनिका उम्मेदवार निर्वाचित भएका छन्। दाङ-२ मा ३९ वर्षीय विपिनकुमार आचार्य विजयी भए। उनले एमाले महासचिव तथा लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेललाई पराजित गरे। आचार्यले ४३ हजार ५५९ मत ल्याउँदा पोखरेलले १५ हजार २८७ मत पाएका छन्। रास्वपाको संस्थापकमध्येका उनी पार्टीको सहमहामन्त्री हुन्। समानुपातिक सूचिको पहिलो नम्बरबाट आफ्नो नाम काटेर प्रत्यक्षमा होमिएका आचार्यले प्रभावशाली नेतालाई हराएर आफ्नो विरासत बनाएका छन्।

दाङ-३ मा रास्वपाका ३८ वर्षीय कमल सुवेदी विजयी भए। उनले कांग्रेसका पूर्वमन्त्री दीपक गिरी र एमालेबाट तुलसीपुर उपमहानगरमा मेयर जितेर चर्चामा आएका घनश्याम पाण्डेयलाई पछि पारेर आफ्नो जित सुरक्षित बनाएका हुन्।। सुवेदीले ४४ हजार २४८ मत प्राप्त गरेका थिए। कांग्रेसका गिरीले धेरैपटक सो क्षेत्रबाट निर्वाचन जित्दै आएका थिए।

**एमाले-कांग्रेसका चर्चित अनुहार पराजित गरेका सागर ढकाल**

गुल्मी क्षेत्र नम्बर-१ मा रास्वपाका ३४ वर्षीय सागर ढकाल विजयी भएका छन्। सत्यवती गाउँपालिका-पिपलनेटामा जन्मिएका ढकालले अनुभवी नेताहरूलाई पराजित गर्दै संसदीय यात्रा सुरु गरेर चर्चामा आएका हुन्। पेशाले इन्जिनियर ढकालले २९ हजार ६४२ मत प्राप्त गर्दा एमालेका प्रदीपकुमार ज्ञवालीले १५ हजार १८१ मत ल्याएका हुन्। कांग्रेसका चन्द्र भण्डारी तेस्रो बनेका छन्। यसअघि प्रदीप र चन्द्रले पालैपालो यहाँबाट निर्वाचन जित्दै आएका थिए। हक्की स्वभावका ढकाल यसअघिको निर्वाचनमा कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवासँग डडेलधुराबाट उठेर चर्चामा आएका हुन्।

**बाँके, अर्घाखाँची र प्युठानबाट पनि युवा**

बाँके-३ मा ३५ वर्षीय खगेन्द्र सुनार २९ हजार ५५१ मतसहित निर्वाचित भएका छन्। उनका निकटतम प्रतिस्पर्धी एमालेका सुमन मल्लले १९ हजार ६१५ मत पाए। दैलेख घर भएका खगेन्द्रले आफ्नै जिल्लाका उम्मेदार भएका मल्लललाई १० हजार मतान्तरमा पराजित गरेका हुन्। अधिकारकर्मीका रूपमा स्थापित खगेन्द्रको संसद यात्राले सो क्षेत्रको राजनीतिमा नयाँ बहस सुरु भएको छ। अर्घाखाँचीमा रास्वपाका ३७ वर्षीय हरिप्रसाद भुसाल विजयी भए। लामो समय पत्रकारिता गरेका भुसालले २२ हजार ६४९ मत प्राप्त गर्दै एमालेका पीताम्बर भुसाललाई पराजित गरे। एमालेको बलियो सांगठनिक आधार मानिएको क्षेत्रमा हरिले पीताम्बरलाई हराएपछिको राजनीतिलाई अर्थपूर्ण तरिकाले हेरिएको छ। प्युठान-१ मा ३१ वर्षीय सुशान्त वैदिक निर्वाचित भए। उनले कांग्रेसका डा. गोविन्दराज पोखरेललाई पराजित गरे। वैदिकले २७ हजार ४६९ मत ल्याउँदा पोखरेलले १८ हजार ३३८ मत प्राप्त गरेका थिए। सो क्षेत्रमा यसअघि जितेका एमालेका सूर्य थापा तेस्रो भएका हुन्।

**कांग्रेसबाट एक जना युवा**

लुम्बिनी प्रदेशमा नेपाली कांग्रेसबाट निर्वाचित दुईमध्ये एक जना ४० वर्षमुनिका छन्। पाल्पा-१ मा कांग्रेसका ३८ वर्षीय सन्दीप राना १८ हजार ३३६ मतसहित विजयी भएका हुन्। उनले एमालेका नारायणप्रसाद आचार्यलाई १ हजार ५१७ मतान्तरले पराजित गरेका हुन्। एमालेले ०५१ सालबाट सो क्षेत्रमा लगातार निर्वाचन जित्दै आएको थियो। अहिले सन्दिपले ०४८ सालमा आफ्नो पार्टीले जितेको क्षेत्रमा जित दर्ता गरेका हुन्। उनी जन्मेपछि कांग्रेसले नजितेको ठाउँमा सन्दिपले पार्टीको विजय जोडे। भारतीय विदेश मन्त्रालयमा बसेर काम गरेको उनको संसद प्रवेशले सो क्षेत्रका युवा पिँढीलाई हौसला बढाएको छ।

निर्वाचनमा लुम्बिनी प्रदेशका २६ प्रतिनिधिसभा सिटमध्ये रास्वपाले २१ सिट जितेको छ। त्यस्तै नेपाली कांग्रेसले २ सिट, नेकपाले २ सिट र एमालेले १ सिट जितेको छ। यो परिणामले लुम्बिनी प्रदेशमा युवा नेतृत्वको उल्लेखनीय उदय भएको देखिएको छ। पुराना दलका स्थापित नेताहरूलाई पराजित गर्दै युवाहरूले संसद्मा नयाँ पुस्ताको उपस्थितिलाई बलियो बनाएका हुन्। यसअघि युवा समूहबाट धेरै कम सहभागिता हुने गरेको थियो।

## दाङमा ५१ ...

यसैगरी क्षेत्र दाङ क्षेत्र नं. २ मा जमानत जफत हुनेमा नेकपाका उम्मेदवार निर्मल आचार्य (७,०८३), राप्रपाका ऋषिकेश पोखेल (७६०), मङ्गलो नेसनल अर्गनाइजेसनका अम्मरबहादुर बढा (५५७), राष्ट्रिय जनमोर्चाका मनिराम खनाल (२२६), नेसनल रिपब्लिक नेपालका जितन पुन (९२), प्रलोपाका प्रतीक अधिकारी (७४), राष्ट्रिय जनमुक्ति पार्टीका रविन्द्र उच्च नेपाली (४१), जनता समाजवादी पार्टीका ढुण्डिराज थापा (३१), नागरिक उन्मुक्ति पार्टीका झरेन्द्रबहादुर खत्री (२८), नेपाल मजदुर किसान पार्टीका नवीनकुमार शाही (२१), मितेरी पार्टी नेपालका रेखबहादुर पुन (९), आम जनता पार्टीका कृष्णबहादुर सनार (७), स्वतन्त्र उम्मेदवारहरू पद्मप्रसाद पाण्डे (३२), धर्मराज शर्मा (३१), विष्णुकुमारी भुसाल (११), बालाराम पौडेल र कल्पना लामा (९/९), लालबहादुर खत्री (७), समीर वली र विष्णुविक्रम सेन वली (४/४) रहेका छन्।

लुम्बिनी प्रदेश निर्वाचन कार्यालय दाङका अनुसार क्षेत्र नं. ३ मा १९ जना उम्मेदवारको जमानत जफत भएको छ। धरौटी जफत हुने उम्मेदवारमा राप्रपाका दामोदर भण्डारी (१,०५६), नेकपा (माओवादी) का बलबहादुर वली (४२५), राष्ट्रिय जनमोर्चाकी कमला जिसी (१८०), श्रम संस्कृति पार्टीका टोपबहादुर महतरा (२२७), नेसनल रिपब्लिक नेपालका प्रितम चौधरी (१८१), मङ्गोल नेसलन अर्गनाइजेसनका घनश्याम चौधरी (१४४), जनता समाजवादी पार्टीकी शोभा डाँगी (२४), आम जनता पार्टीकी पाण्डवी नेपाली (८), नागरिक उन्मुक्ति पार्टीका महेश चौधरी (५५), संयुक्त नागरिक पार्टीका दलवीर कामी (९४), मितेरी पार्टीका सन्तोष सिंह (१०), स्वतन्त्र उम्मेदवारहरू यमबहादुर बस्नेत (१५५), भरत परियार (६), सुरेश नेपाली (१), इन्द्रबहादुर बस्नेत (१०), प्रेमबहादुर वली (७), भागीराम चौधरी (११), सप्रिक कँडेल (१४) र महेश डाँगी (८) रहेका छन्।

आयोगका अनुसार दाङ क्षेत्र नं. १ मा विजयी रास्वपाका देवराज पाठकसहित नेपाली कांग्रेसका योगेन्द्र चौधरी, क्षेत्र नं. २ मा विजयी रास्वपाका विपिनकुमार आचार्य, नेकपा एमालेका शंकर पोखेल र नेपाली कांग्रेसका किरणकिशोर घिमिरे र क्षेत्र नं. ३ मा विजयी रास्वपाका कमल सुवेदीसहित कांग्रेसका दीपक गिरी, एमालेका घनश्याम पाण्डेय र नेकपाका धनबहादुर मास्कीले मात्र जमानत बचाएका छन्।

## रास्वपालाई ...

एमालेले पनि ठूलो गिरावट भोगेको छ। अघिल्लो निर्वाचनमा ४४ सिट जितेको एमालेले ३५ सिट गुमाउँदै ९ सिट मात्रै जित्न सकेको छ।

त्यस्तै अघिल्लो निर्वाचनमा १८ सिट जितेको नेकपाले १० सिट गुमाउँदै ८ सिटमा सीमित भएको छ। राप्रपाले अघिल्लो निर्वाचनमा ७ सिट जितेकोमा यस पटक ६ सिट गुमाउँदै प्रत्यक्षतर्फ जम्मा १ सिट मात्रै जितेको छ। नयाँ दल श्रम संस्कृति पार्टीले भने प्रत्यक्षतर्फ ३ सिट जितेको छ।

यस पटक अघिल्लो निर्वाचनमा सिट जितेका जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमोर्चाले प्रत्यक्षतर्फ कुनै पनि सिट जित्न सकेनन्।

समानुपातिक र प्रत्यक्ष दुवै परिणाम जोड्दा २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाले स्पष्ट बहुमत मात्रै होइन, दुई तिहाइ नजिकको परिणाम प्राप्त गरेको छ। रास्वपाले प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सिट गरी कुल १८२ सिट जितेको छ। दुई तिहाइका लागि आवश्यक १८४ सिट पुग्न उसलाई २ सिट अपुग भएको छ।

दोस्रो ठूलो दल बनेको कांग्रेसले प्रत्यक्ष र समानुपातिक गरी ३८ सिट जितेको छ। अघिल्लो निर्वाचनमा कांग्रेसले ८९ सिट जितेको थियो। त्यस्तै एमालेले जम्मा २५ सिट जितेको छ, जबकि अघिल्लो निर्वाचनमा उसले ७९ सिट जितेको थियो।

अघिल्लो निर्वाचनमा ३२ सिट जितेको नेकपा यस पटक १७ सिटमा सीमित भएको छ। राप्रपा १४ सिटबाट घटेर ५ सिटमा पुगेको छ भने नयाँ दल श्रम संस्कृति पार्टीले प्रत्यक्ष र समानुपातिक गरी ७ सिट जितेको छ।

त्यतिमात्रै होइन अहिलेको निर्वाचनमा रास्वपा सभापति रवि लामिछाने र नेकपा संयोजक पुष्पकमल दाहालबाहेक सबै दलका अध्यक्ष तथा पदाधिकारीहरू पराजित भएका छन्।

राजनीतिमा एकै निर्वाचनको परिणामले भविश्यको निर्क्यौल गर्न त सक्दैन तर पूर्वप्रधानमन्त्री रहेका एमाले अध्यक्ष केपी ओली, कांग्रेस सभापति गगन थापा, जसपा अध्यक्ष उपेन्द्र यादव, राप्रपा अध्यक्ष राजेन्द्र लिङदेनलगायतका शीर्ष नेताहरू पराजित भएपछि उनीहरूलाई नैतिक रूपमा पुरानै जिम्मेवारीमा बसेर काम गर्न चुनौती थपिएको हो।


## सूचना। सूचना।। सूचना।।।

बुटवल उपमहानगरपालिका नगर कार्यपालिका कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ज्योतिषसम्बन्धी ३ महिने तालिम तथा कर्मकाण्ड (सहायक पुरोहित) सम्बन्धी ३ महिने तालिम निःशुल्क रुपमा सञ्चालन गर्न लागिएको हुँदा तालिम लिन इच्छुक व्यक्तिहरुले आवश्यक कागजात सहित २०८२ फागुन २८ गतेदेखि चैत्र १२ गतेसम्म बुटवल उपमहानगरपालिकाको सामाजिक परिचालन तथा अन्तर सरकारी समन्वय शाखामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम निःशुल्क उपमहानगरपालिकाको वेवसाइट https://butwalmun.gov.np/ तथा सामाजिक परिचालन तथा अन्तर सरकारी समन्वय शाखाबाट प्राप्त गर्न सकिनेछ।

**तालिमका प्रकार:**

| सि.न. | तालिमको नाम | सहभागी संख्या | समय | कैफियत |
|---|---|---|---|---|
| १ | ज्योतिषसम्बन्धी ३ महिने तालिम | ३० जना | ३ महिना | |
| २ | कर्मकाण्ड (सहायक पुरोहित) सम्बन्धी ३ महिने तालिम | ३० जना | ३ महिना | |

**१. तालिमको विवरण**

(क) ज्योतिष सम्बन्धी तालिम (३ महिना)

यस तालिममा निम्न विषयहरु समावेश गरिनेछ

- ज्योतिषको आधारभूत सिद्धान्त
- राशिफल, ग्रह र नक्षत्रको अध्ययन
- पात्रो तथा पंचाङ्ग अध्ययन
- कुण्डली निर्माण तथा सामान्य विश्लेषण

ख) कर्मकाण्ड (सहायक पुरोहित) तालिम (३ महिना)

यस तालिममा निम्न विषयहरु समावेश गरिनेछ

- पूजाविधि तथा वैदिक मन्त्रहरुको अभ्यास
- विवाह, ब्रतबन्ध, गृह प्रवेश, शान्ति, अग्नि स्थापना, चण्डी लगायतका कर्मकाण्ड अभ्यास
- पूजा विधि तथा धार्मिक संस्कार सम्बन्धी व्यवहारिक ज्ञान
- सहायक पुरोहितका रुपमा आवश्यक सीप

**२. आपश्यक योग्यता**

- उमेरः १८ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्ने
- कर्मकाण्ड तालिमका लागि देवानगरी पढ्न र सामान्य संस्कृत उच्चारण गर्न सक्ने

**३. आवश्यक कागजात**

- निवेदन /दरखास्त
- नागरिकता प्रमाणपत्र वा मतदाताको परिचयपत्रको प्रतिलिपि १ थान
- २ प्रति पासपोर्ट साइजको फोटो

४. सूचना प्रकाशन मितिः २०८२।११।२८

५. निवेदन दिने अन्तमि मितिः २०८२/१२/१२

६. तालिम सञ्चालनको समय, छनौट लगायत प्रक्रिया बुटवल उपमहनगरपालिकाको निर्णय अनुसार हुनेछ।

**बुटवल उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, बुटवल**



## धितोमा रहेको चल/अचल सम्पत्ति बोलपत्र मार्फत लिलाम विक्री गरिने ३५ (पैतिस) दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/११/२८ गतेको दैनिक पत्र राष्ट्रिय दैनिक पत्रिका**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको सावाँ व्याज संस्थासँग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक/पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत वेवास्ता गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले राष्ट्रिय दैनिक पत्रिकामा ऋणको साँवा व्याज चुक्ता/भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जाको साँवा व्याज भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भई ऋण लिदाँको बखत गर्नु भएको सम्पुर्ण शर्त/बन्देज तथा सम्झौताहरु उलंघन गर्नु भएकोले सो ऋण लिदाँको बखत सुरक्षण बापत धितो लेखी दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोहि अवस्थामा नै प्रचलित कानुनको अधिनमा रहि बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि ३५ (पैतिस) दिने लिलाम सम्बन्धि सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संघ संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा, बिदा पश्चात् कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्त/बन्देजको अधिनमा रहि, रितपुर्वक बोलपत्र फारम भरि यस संस्थाको सम्बन्धित सेवाकेन्द्र कार्यालय बुटवल, रुपन्देहीमा आइपुग्ने गरी बोलपत्र पेश गर्न आह्वान गरिन्छ। साथै लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम विक्री गर्दा संस्थाको सम्पुर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित कर्जा असुली नियमावली २०८२ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

**१. ऋणी तथा व्यक्तिगत जमानिकर्ताको नाम र ठेगाना (पुनः प्रकाशित तेस्रो पटक)**

**ऋणी : श्री गंगाधर पाध्या**
बाबु : नरिश्वर पाध्या
बाजे : हरिलाल पाध्या
ना.प्र.नं. : ४११३०३२
जारी मिति २०५७/०१/२९ (गुल्मी)
ठेगाना : गुल्मी जिल्ला अर्लाडकोट गा.बि.स.वडा नं. ८ स्थायी ठेगाना भई हाल रुपन्देहि जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ८ बस्ने।

**व्यक्तिगत धनजमानिकर्ता : कमला अर्याल**
पति : गंगाधर पाध्या
ससुरा : नरिश्वर पाध्या
ना.प्र.नं. : ९२३३
जारी मिति : २०५६/०५/१८ (गुल्मी)
ठेगाना : गुल्मी जिल्ला सिर्सेनी गा.बि.स.वडा नं. ४ स्थायी भई ठेगाना हाल रुपन्देहि जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ८ बस्ने।

**व्यक्तिगत धनजमानिकर्ता : निलकण्ठ उपाध्याय**
बाबु : नरिश्वर उपाध्या
बाजे : हरिलाल पाध्या
ना.प्र.नं. : ५२५
जारी मिति २०५२/०५/२१ (गुल्मी)
ठेगाना : गुल्मी जिल्ला अर्लाडकोट गा.बि.स.वडा नं. ८ स्थायी ठेगाना भएका।

**व्यक्तिगत धनजमानिकर्ता : चेतन कुमार पौडेल**
बाबु : श्यामलाल पौडेल
बाजे : गुणाखर पौडेल
ना.प्र.नं.: २९३५९
जारी मिती : २०७३/०८/०९ (गुल्मी)
ठेगाना : गुल्मी जिल्ला पौदिअमराई गा.बि.स. वडा २ स्थायी ठेगाना भएका।

**व्यक्तिगत धनजमानिकर्ता : टिका बहादुर कुँवर**
बाबु : दुर्गा बहादुर कुँवर
बाजे : जुद्धविर कुँवर
ना.प्र.नं. :२९१७
जारी मिती : २०३१/०५/०३ (रुपन्देहि)
ठेगाना : रुपन्देहि जिल्ला भैरहवा न.पा. वडा १ स्थायी ठेगाना भएका

**धितोको विवरण**

गंगाधर पाध्याको नाममा मालपोत कार्यालय बुटवल रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. १० नक्सा सिट नं. ०९८११९९१२ स्थित कित्ता नं. ६४ को जम्मा क्षेत्रफल २८२.३४ ब.मी. को पुरा जग्गा र सो जग्गामा बनेको घर सहित उक्त घरजग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

**२. ऋणी तथा व्यक्तिगत जमानिकर्ताको नाम र ठेगाना**

**ऋणी : लक्ष्मण खनाल**
बाबु : चन्द्रमणी खनाल
बाजे : पुनाराम खनाल
ना.प्र.नं. : १६५३३
जारी मिति २०५८/११/२० (रुपन्देही)
ठेगाना : रुपन्देही जिल्ला सालझण्डी गा.बि.स.वडा नं. ५ स्थायी ठेगाना भएका।

व्यक्तिगत धनजमानिकर्ता : चन्द्र कला खनाल
पति : चन्द्रमणी खनाल
ससुरा : पुनाराम खनाल
ना.प्र.नं. : ३०८४०४२
जारी मिति : २०३५/११/०९ (कपिलवस्तु)
ठेगाना : कपिलवस्तु जिल्ला हथौसा गा.बि.स. वडा नं. ५ स्थायी ठेगाना भएकी।

**व्यक्तिगत धनजमानिकर्ता : चन्द्रमणी खनाल**
बाबु : पुनाराम खनाल
बाजे : उमाकान्त खनाल
ना.प्र.नं. : ३०८४०४४१
जारी मिति : २०३५/११/०१ (कपिलवस्तु)
ठेगाना : कपिलवस्तु जिल्ला हथौसा गा.बि.स.वडा नं. ५ स्थायी ठेगाना भएका।

**व्यक्तिगत धनजमानिकर्ता : श्री चित्र कला शर्मा**
पति : लक्ष्मण खनाल
ससुरा : चन्द्रमणी खनाल
ना.प्र.नं. : ३७३०३७/१९८९
जारी मिती : २०६३/१२/०७ (रुपन्देही)
ठेगाना : रुपन्देही जिल्ला रुद्रपुर गा.बि.स.वडा नं. ९ स्थायी ठेगाना भएकी।

**धितोको विवरण**

- चन्द्रकला खनालको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको गजेडी गा.बि.स.वडा नं. ३ नक्सा सिट नं. ३ख स्थित कित्ता नं. २३२ र २३३ को क्षेत्रफल क्रमश १०१.५७ ब.मी. र ११८.५० ब.मी. गरि जम्मा क्षेत्रफल २२०.०७ बर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
- चन्द्रमणी खनालको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको गजेडी गा.बि.स. वडा नं. ३ नक्सा सिट नं. ३ख स्थित कित्ता नं.८२ को जम्मा क्षेत्रफल २४०३.९४ ब.मी.को पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

**लिलाम बिक्री सम्बन्धि अन्य शर्त र बन्देजहरु**

१) लिलाम विक्री सम्बन्धि शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको ऋण/कर्जा असुली विभाग वा यस संस्थाको सेवा केन्द्र कार्यालयहरु बाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ।
२) लिलाम विक्री सम्बन्धि सम्पुर्ण शर्त/बन्देजहरु बोलपत्र फारमको सि.नं. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ।
३) बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्विकृत गर्ने सम्बन्धि सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
४) लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्न र लिलाम सम्बन्धि विस्तृत जानकारी लिन आवश्यक ठानेमा केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौं वा सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ।
५) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानतकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई सम्बन्धित सेवाकेन्द्र कार्यालय बुटवल, रुपन्देहीमा उपस्थित हुनको लागि समेत जानकारी गराइन्छ।
६) बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा (बिदा पश्चात् कार्यालय खुलेको दिन) सोहि समयमा नै बोलपत्र खोलिनेछ।
७) बोलपत्र फारममा उल्लेखित अन्य सम्पुर्ण शर्त लागु हुनेछ।
८) संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सक्ने छ।

**पुनश्चः** उल्लेखित धितो लेखिदिएको सम्पत्ती लिलाम विक्री गर्दा वा संस्थाले आफै सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भयो वा उक्त सम्पत्तीको उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम विक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय**
२०८३/०१/०२ गते कार्यालय समयसम्म

**बोलपत्र खोलिने मिति, समय र स्थान**
२०८३/०१/०३ गते बिहिबार सेवाकेन्द्र कार्यालय बुटवल, रुपन्देही दिउँसो ३ बजे

नेपाल सरकार साविक डिभिजन सहकारी कार्यालय हालः सहकारी विभागबाट इजाजत प्राप्त संस्था
**IME Co-operative Service Ltd.**
आईएमई को-अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
+977 01 5329601 +977 01 5339602 +977 01 5339603
info@imecsl.com www.imecsl.com

Biratnagar : 021-524540
Nepalgunj: 081550708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-528864
Ghorahi : 082-561717
Newroad : 01-5351581
Lahan : 033-562184
Gongabu : 01-4364761
Butwal : 071-546585
Dhangadhi: 091-590581
Baglung: 068-524280



## माथागढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
माथागढी-०४, झडेवा, पाल्पा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/२८**

यस गाउँपालिकाबाट मिति २०८२/१०/२३ गते दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित सूचना अनुसार तपसिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.न. | ठेक्का नं | कामको विवरण | न्यूनतम सारभूत रुपमा प्रभावग्राही बोलपत्र दार्ताको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | MRM/EL/SQ/WORKS/ 2082-083/21 | Supply and Installation of Distribution Transformer with Stringing of 11 kV HT line at Mathagadhi Rural Municipality 15-Bed Hospital, Mathagadhi-04, Jhadewa, Palpa | Omi Nirman & Suppliers sewa Koteshwor-32, kathmandu | 1,966,313.01 |

**प्रमुख प्रशासकीय अधिकृत**
**माथागढी गाउँपालिकाको कार्यालय**



सेवाको मौका अवश्य दिनुहोला। 9867792976 NTC 9821449997 NCELI
**सुरज सेनेटरी**
बुटवल-१७, रानीगंज
ट्वाइलेट सफा गराउनु परेमा, स्याफ्टी टंकी रिंग भरिएमा हामीलाई सम्झनुहोस्। हामी तपाईको समस्या पाँच मिनेटमा हल गरिदिने छौं।



**ट्वाइलेट सफा गराउनुहोस**
हाम्रा सेवाहरुः तपाईंको घरको सिट, नाली जाम भएमा चिन्ता लिनु पर्दैन। सेनेटरी जगतमा बढी क्षमता, अत्याधुनिक प्रविधि, पावरफुल रोटर भ्याकुम पम्पद्वारा बिना बिजुली ट्वाइलेटको सेफ्टी वा रिङ्ग सफा गरिन्छ।
प्रो. राजेश प्रसाद
**राजेश सेनेटरी सेवा, भैरहवा**
मो.: ९८०५४७८७५९, ९८०७५९२८८३



**ट्वाईलेट सफा गराउनुहोस्**
सुपथ मुल्यमा नगरपालिका भित्र वा बाहिर काम गर्ने र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस्।
**पाल्पाली मगर सेनेटरी**
बुटवल-१७, मोतिपुर
मो.: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०



**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोला।
-लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ्ग खाली गरिनेछ।
सुपथ मूल्यमा काम गर्न र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस्।
**सिताराम सफा सेनेटरी**
भैरहवा
मो.: ९८६९७८९२७५, ९८००७६०६२२



**ट्वाईलेट सफा गराउनुहोस्**
सबैभन्दा बढी क्षमता भएको
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ।
- ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।
- यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ।

क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार
प्रो. रामशाह साहनी
**बिशाल सेनेटरी**
बर्मेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297



L.B.F **ईंट्टा चाहिएमा**
तपाईंको शहर भैरहवा, बुटवलमा बलियो, टिकाउ र भरपदो L.B.F. मार्का ईंट्टा चाहिएमा तु-सम्पर्क गर्नुहोला।
L.B.F L.B.F
सम्पर्क:
पडसरी-५, ठुटिपिपल, रुपन्देही
फोन : ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३
नोट : पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँचीका लागी ट्रकमा पठाउने व्यवस्था छ।